**Asian Productivity Organization**
**"The APO in the News"**

Name of publication: Gorkhapatra Online.com (2 December 2016, Nepal)
Page: http://gorkhapatraonline.com/epaper/showimage?img=uploads/epaper/2016-12-02/b42dcb803f7a7f1cc610d53f26c7fbb2.jpg

# नेपालको प्रतिकामदार उत्पादकत्व सबैभन्दा न्यून

गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर १६ गते। नेपालको प्रतिकामदार कुल गार्हस्थ उत्पादनमा श्रमिकको उत्पादकत्व ज्यादै नै कम रहेको छ। एसियाली उत्पादकत्व सङ्गठन (एपीओ)द्वारा जारी प्रतिवेदन अनुसार विश्वका ३७ मुख्य देशको प्रतिकामदार श्रमिकको उत्पादकत्वको गणना गरेकोमा नेपालको सबैभन्दा न्यून पाँच हजार एक सय अमेरिकी डलर रहेको छ।




सन् २०१४ को आधार तथ्याङ्क लिएर एपीओले प्रकाशन गरेको उत्पादकत्व तथ्याङ्क प्रोडक्टिभिटी डाटबुक, २०१६ मा यो तथ्याङ्क सार्वजनिक गरिएको हो। यो एपीओको यस्तो १९औँ प्रतिवेदन हो।

अमेरिकाको प्रतिकामदार श्रमिकको उत्पादकत्वलाई आधार मानेर तयार पारिएको प्रतिवेदन अनुसार अमेरिकालाई पनि उछिन्दै सिङ्गापुर सबैभन्दा बढी उत्पादकत्व भएको देशको सूचीमा परेको छ।

जस अनुसार सिङ्गापुरको उत्पादकत्व एक लाख २५ हजार चार सय अमेरिकी डलर रहेको छ भने अमेरिकाको एक लाख नौ हजार चार सय अमेरिकी डलर मात्र रहेको छ।

सिङ्गापुर र अमेरिकापछि हङकङ एक लाख चार हजार दुई सय, चीन ९२ हजार पाँच सय, अस्ट्रेलिया ९० हजार छ सय र जापान ७२ हजार दुई सय अमेरिकी डलर रहेका छन्।

दक्षिण एसियाली राष्ट्रहरूमा सबैभन्दा बढी उत्पादकत्वसहित २४ हजार दुई सय डलरसहित श्रीलङ्का शीर्ष स्थानमा छ। त्यसपछि पाकिस्तान १५ हजार चार सय, भुटान १५ हजार दुई सय, भारत १३ हजार पाँच सय, बङ्गलादेश सात हजार चार सय र नेपाल पाँच हजार एक सय अमेरिकी डलर रहेका छन्। अमेरिकाको तुलनामा एसियाका दुई आर्थिक शक्ति चीन र भारतको प्रतिकामदार उत्पादकत्व क्रमशः १९ र १२ प्रतिशत रहेको प्रतिवेदनले जनाएको छ। प्रतिवेदन सार्वजनिक गर्दै एपीओका महासचिव शान्ति कनोक्तानापोर्नले प्रतिवेदनले दीर्घकालीन रूपमा उत्पादकत्व वृद्धिका लागि नीतिगत सुधार गर्न सहयोग पुग्ने बताउनुभयो।

डाटाबुक आयोजनाका प्रमुख तथा केइओ विश्व विद्यालयका प्राध्यापक डा. कोजी नोमुराले प्रतिवेदनमा ४० वर्षको तथ्याङ्कलाई विश्लेषण गरिएको यसमा ३० वटा एसियाली, २० वटा एपीओका सदस्य राष्ट्र र १० वटा गैरसदस्य राष्ट्रको तथ्याङ्क एसियाका देशहरूका साथै विश्वका अन्य अर्थतन्त्रको पनि अध्ययन गरिएको बताउनुभयो।

नेपाल एपीओको संस्थापक सदस्य रहेको छ।